## ६. सेवा प्रदान गर्दा लाग्ने दस्तुर र अवधि

- यो विभाग राजस्वसंग सम्वन्धित ऐन नियमहरुको पालना भए नभएको सन्दर्भमा अनुगमन गर्ने निकाय (Watch Dog) भएकोले यहाँवाट सेवा प्रदान नहुने गरेको।

## ७. निर्णय प्रक्रिया र अधिकारी

यस विभागको दैनिक कार्य सम्पादन अर्थ मन्त्रालयवाट भएको अधिकार प्रत्यायोज वमोजिम महानिर्देशकज्यू वाट हुने गरेको छ। केहि निर्णयहरु महानिर्देशकज्यू वाट भएको अधिकार प्रत्यायोजन वमोजिम उपमहानिर्देकज्यूवाट पनि हुने गरेको छ। साथै, विषयगत एवं नितीगतरुपमा गर्नुपर्ने निर्णयहरुको स्वीकृतिको लागि अर्थ मन्त्रालयमा लेखी पठाइने गरेको छ।

## ८. निर्णयउपर उजुरी सुन्ने अधिकारी

श्री रामकृकष्ण सुवेदी,  महानिर्देशक, राजस्व अनुसन्धान विभाग

## ९. सम्पादन गरेको कामको विवरण

- राजस्व चुहावट नियन्त्रण विधेयकको अवधारणा पत्र तयार गरी सो बमोजिम राजस्व चुहावट नियन्त्रण विधेयकको मस्यौदा तयार गर्न विषय विज्ञलाई लगाइएको ।
- राजस्व अनुसन्धान विभागको दीर्घकालीन रणनीति र कार्य योजना तयार गर्न विज्ञको सेवा लिने सम्वन्धमा सेवा करारको संझौता गरिएको । विभागको दीर्घकालीन रणनीति र कार्य योजना तयार गर्ने कार्य सम्वन्धि विषय विज्ञवाट भइरहेको ।
- राजस्व अनुसन्धान कार्यविधि/निर्देशिका परिमार्जन गर्ने काम अन्तिम चरणमा पुगेको।
- २०७३ चैत्र मसान्तसम्ममा विदेशी विनिमय अपचलनका ४३ वटा मुद्दाहरुको अनुसन्धान सम्पन्न गरी सम्वन्धित जिल्ला अदालतमा मुद्दा दायर गरिएको ।
- यस आ. व. को चैत्र मसान्तसम्ममा गत आ. व. बाट जिम्मेवारी सरी आएको समेत कूल ६४३ मूद्दा संख्यामध्ये ५१८ वटा मुद्दाको निर्णय भएको र १२५ वटा मुद्दाहरु अनुसन्धानको क्रममा रहेका ।

- विभागको कूल बेरुजु रु. २७ करोड ७० लाख ७७ हजार मध्ये २०७३ चैत्र मसान्तसम्ममा रु. १० करोड ५९ लाख ०७ हजार फर्छ्यौट भई बेरुजु फर्छ्यौट ३८.२२ प्रतिशत रहेको छ र रु. ५ करोड ७८ लाख ६२ हजार सम्परीक्षणको लागि महालेखा परीक्षकको कार्यालयमा लेखी पठाइएको छ ।
- यस आ. व. को चैत्र मसान्तसम्ममा लिलाम बिक्रि मुद्दा संख्या २६८ रहेको र सो लिलाम बिक्रिवाट रु. ७ करोड ४७ लाख ४८ हजार राजस्व प्राप्त भएको छ।
- केन्द्रीय राजस्व चुहावट नियन्त्रण उच्चस्तरीय समितिको निर्देशन र राजस्व चुहावट नियन्त्रण उच्चस्तरीय अनुगमन समितिको निर्णयानुसार तपसिलका पदाधिकारीहरु संलग्न टोलीले मिति २०७३/१०/०९ देखि २०७३/१०/१२ सम्म पूर्वी नेपालको झापा देखि मध्यमाञ्चल क्षेत्रको पर्सासम्मको स्थलगत निरीक्षण भ्रमण गरेको थियो।

<u>टोलीमा संलग्न पदाधिकारीहरुः</u>

| | | | |
|---|---|---|---|
| १. | गोविन्द बहादुर बानियाँ | उपमहानिर्देशक | राजस्व अनुसन्धान विभाग |
| २. | सुमन दाहाल | उपमहानिर्देशक | भन्सार विभाग |
| ३. | धनीराम शर्मा | उपमहानिर्देशक | आन्तरिक राजस्व विभाग |
| ४. | पंकज श्रेष्ठ | प्र. ना. म.नि. | प्रहरी प्रधान कार्यालय |
| ५. | पुष्पराम के सी | स.प्र.ना.म.नि. | सशस्त्र प्रहरी बल, मुख्यालय |
| ६. | देवी प्रसाद थपलिया | निर्देशक | राजस्व अनुसन्धान विभाग |

स्थलगत अनुगमन भ्रमण गरिएका जिल्लाहरुको स्थानीय राजस्व चुहावट नियन्त्रण समितिको बैठकहरुमा चोरी निकासी पैठारीमा प्रयोग हुने प्रमुख नाकाहरु, चोरी निकासी पैठारी हुने प्रमुख वस्तुहरु, चोरी निकासी पैठारी नियन्त्रणको लागि स्थानीय तहमा भएका प्रयासहरु र यस सम्वन्धमा देखिएका समस्या तथा निराकरणका उपायहरुको बारेमा विस्तृत छलफल र अन्तरक्रिया गरिएको थियो।

- Vehicle Tracking Device लागू गर्ने सम्वन्धमा विरगञ्ज उधोग वाणिज्य संध, ढुवानी व्यवसायी संध र विरगञ्ज भन्सार कार्यालय लगायतका निकायहरुका पदाधिकारीहरुसंग छलफल तथा अन्तरक्रिया गरियो ।

- विभागका महानिर्देशकज्यूवाट विभाग अन्तर्गतका सबै क्षेत्रीय कार्यालयहरुको अनुगमन कार्य सम्पन्न गरिएको ।
- राजस्व चुहावट नियन्त्रणको लागि ३२८ वटा शंकास्पद कारोवारस्थलको आकस्मिक खानतलासी गरी अनुसन्धानको दायरामा ल्याइएको ।
- विभागलाई अन्यत्र स्थानान्तरण गरी नयां भवन बनाउनका लागि जमिन प्राप्त गर्ने कार्य प्रक्रियामा रहेको । साथै, पथलैया र वुटवल कार्यालयहरुवाट पनि आ-आफ्नो कार्यालयको लागि जमिन प्राप्त गर्ने कार्य भइरहेको ।
- भन्सार जांचपास र आन्तरिक ओसारपसारका ढुवानी साधनरुको अनुगमन गर्न नियमित गस्ती परिचालनको अतिरिक्त ८३ वटा आकस्मिक गस्ती परिचालन भएको ।
- अन्तर निकाय (FIU, Customs etc.) बाट प्राप्त सूचनाको प्राथमिकतापूर्वक कार्यान्वनयन गरिएको ।
- चुहावट नियन्त्रणको लागि निर्माण तथा सेवा क्षेत्रतर्फ ध्यान केन्द्रित गरिएको ।
- नारायणी पूर्व र नारायणी पश्चिम कार्यक्षेत्र रहने गरी ११ वटा द्रुत गस्ती (Flying Squad) परिचालन ।
- राजस्व चुहावट भएका ३५३ वटा करदाताको अनुसन्धान सम्पन्न गरिएको ।
- अनुसन्धानबाट रु. १ अर्व ३३ करोड ७० लाख ३८ हजार राजस्व संकलन  भएको ।
- भन्सार जाँचपास र आन्तरिक ओसारपसारका ढुवानी साधनहरुको अनुगमन गर्न ७४३ पटक आकस्मिक/नियमित राजस्व गस्ती परिचालन गरिएको ।
- चैत्र महिनासम्म आन्तरिक ओसार पसार तथा भन्सार जाँचपास भएका १२६० वटा मालवाहक ढुवानी साधनहरुको चेकजाँच सम्पन्न भएको ।
- उल्लेखित कार्यहरुबाट रु. १४ करोड ९७ लाख ६५ हजार राजस्व संकलन भएको ।
- अनुसन्धान प्रक्रियामा रहेका र अनुसन्धान सम्पन्न भएका सबै फाइलहरु कम्प्युटर अभिलेख प्रणालीमा अभिलेखांकित गरिएको ।

१०. सुचना अधिकारी र प्रमुखको नाम र पद

विभागीय प्रमुखको नाम:    श्री रामकृष्ण सुवेदी        पद: महानिर्देशक

सूचना अधिकारीको नाम:   श्री देवी प्रसाद थपलिया    पद: निर्देशक

**११. ऐन नियम वा निर्देशिकाको सूची**

राजस्व अनुसन्धान विभागलाई आफ्नो कार्यसम्पादनका लागि राजस्व प्रशासन सम्वद्ध देहायका कानुनहरू प्रयोग गर्ने अधिकार प्रदान गरिएको छः-

